# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।११।१०
बैठक प्रारम्भ:

बैठक संख्या : १८
बैठक समापन समय :

आ.व. ०८१।०८२ को १८ औ कार्यपालिका बैठक मिति २०८१।११।१० गते शनिबारका दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपशिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो।

**उपस्थिति:**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राजकुमार राई | वडाध्यक्ष वडा नं.२ | | |
| ५. | श्री खन बहादुर लिम्बु | का.वा.वडाध्यक्ष वडा नं.३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिन्बु | वडाध्यक्ष वडा नं.५ | | |
| ८. | श्री जितेन्द्र वनेम फागो | वडाध्यक्ष वडा नं.६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

प्रमुख प्रशासकीय अधिकृत

# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८१।११।१०
बैठक प्रारम्भ:

बैठक संख्या : १८
बैठक समापन समय :

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाहबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

**कर्मचारी उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिपा सापकोटा | प्रशासन अधिकृत | | |
| २ | श्री जेसिका तामाङ | का.स. | | |
| ३ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## सभापोखरी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।१० मा बसेको बैठकको प्रस्ताव र निर्णयहरु:-

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | आखा उपचार केन्द्रको मर्मतको रकम भुक्तानी सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा संचालनमा रहेको वडा नं. ३ मा रहेको आखा उपचार केन्द्रको भवन मर्मतमा लागेको रकमको रु ४६,६६५.८५ बजेट उपशिर्षक ८०१०४५०४१०१, खर्च शिर्षक २२२३१, निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा विनियोजन भएको रकमबाट आँखा उपचार केन्द्र रंघरोगन, सभापोखरी-३ मा रकमान्तर गर्न र सो आयोजनाको रकम भक्तानी दिने निर्णय पारित गरियो। |
| २ | प्रहरि चौकी बाहबिसेको भवन निर्माण सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका बाहबिसे स्थित प्रहरि चौकी बाहबिसे भवन निर्माणको लागि जनताले निशुल्क जग्गा प्रदान गरि भवन निर्माणको लागि पटक पटक अनुरोध गर्दा समेत निर्माण कार्य अगाडी नबढेकोले यथासिघ्र प्रहरी चौकी निर्माण गर्ने जिल्ला प्रहरी कार्यालय संखुवासभा, प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयमा समेत अनुरोध गर्ने निर्णय पारित गरियो। |
| ३ | विद्युत ट्रान्समिटर जडान तथा विद्युत विस्तार सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं. २ बगैचामा निर्माण भएको ५ शैयाको आधारभुत अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको हुदाँ उक्त अस्पताल संचालनको लागि थ्री फेज लाईन ट्रान्समिटर सहित जडान गरी उपलब्ध गराई दिन नेपाल विद्युत प्राधिकरण खादँबारी शाखालाई अनुरोध गर्ने निर्णय गरियो। |
| ४ | आर्थिक सहायता सम्बन्धमा। | प्रस्ताव माथि छलफल गर्दा देहायका व्यक्तिहरुलाई निम्न अनुसार आर्थिक सहायता दिने निर्णय गरियो।<br>तपसिल |

| नाम/थर | ठेगाना | निवेदकको | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| भुमिका बिष्ट | सभापोखरी-२ | डोल कुमारी रेग्मी बिष्ट | ६,०००।०० | उपचार खर्च |
| कर्ण बहादुर राई | सभापोखरी-५ | गोपाल राई | १०,०००।- | |

गाउँ कार्यपालिकाको निर्णय प्रमाणिकरण

२०८१।११।१०

सभापोखरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय संखुवासभा नेपाल